१

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

( शिक्षा, युवा तथा खेलकुद महाशाखा)

जीतपुर, बारा

प्रदेश नं.२, नेपाल

पत्र संख्या : २०७८/०७९

च.नं. : ४८२

मिति : २०७८/०५/०४

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (संपूर्ण),
जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

**विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित संपूर्ण विद्यालयहरुले तपसिलका विवरणहरु विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ७ (सात) दिन भित्र अनिवार्य रुपमा यस कार्यालयमा बुझाउन हुन अनुरोध छ ।

**तपसिल :**

१. शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १५१ (२), संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ (पहिलो संशोधन) को बुँदा नं.६.२ तथा जीतपुरसिमरा उममहानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २९ (१) बमोजिम शैक्षिक शत्र ( २०७८) का लागि छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीहरुको नामनामेसी सहितको विवरण,

२. संस्थागत विद्यालयहरुले प्रयोग गर्ने सवारी साधन संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ (पहिलो संशोधन) को बुँदा नं.३.९ मा उल्लेख भए अनुसारको मापदण्ड अनुसार भए, नभएको प्रष्ट विवरण सहितको निर्णय (सामुदायिक विद्यालयमा यातायातको साधन प्रयोग गरेकाको हकमा समेत),

३. संस्थागत विद्यालयहरुले शैक्षिक सत्र, २०७८ का लागि लिने सम्पूर्ण शुल्कहरुको कक्षागत विवरण,

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

( शिक्षा, युवा तथा खेलकुद महाशाखा)

पत्र संख्या : २०७८/०७९ जीतपुर, बारा

च.नं. : ४५२ प्रदेश नं.२, नेपाल

---

४. शिक्षा ऐन, २०२८ (नवौं संशोधन सहित) दफा १६ घ (१) तथा जीतपुरसिमरा उममहानगरपालिका शिक्षा ऐन, २०७५ को दफा २७ (१) बमोजिम सामुदायिक विद्यालयहरुले विद्यार्थीहरुवाट कुनै पनि शुल्क लिन नपाउने व्यवस्था गरेको हुनाले नामांकन र प्रवेश शुल्क लिए, नलिएको विवरण, यदि लिएको भए त्यो शुल्क वापत्को रकम फिर्ता गरे, नगरेको विवरण ( अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग वापतको रकम विद्यालयले लिन सक्ने) ।

प्रमुख

शिक्षा युवा तथा खेलकुद महाशाखा

**बोधार्थ :**

श्री जिल्ला प्रशासन कार्यालय, बारा ।

श्री कर्मचारी प्रशासन शाखा, जीतपुरसिमरा उ.म.न.पा.,बारा ।

श्री सूचना तथा प्रविधि शाखा, जीतपुरसिमरा उ.म.न.पा.,बारा :– यो पत्र कार्यालयको वेवसाइटमा अपलोड गरिदिन हुन ।